# सुनवल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सुनवल,नवलपरासी ब. सु. प.
## लुम्बिनी प्रदेश,नेपाल

पत्र संख्या
चलानी नं.

(दोश्रो पटक प्रकाशित मितिः २०८२।१२।२३)

**व्यवसाय व्यवस्थापन सम्बन्धी सहयोगका लागि आवेदन आह्वान !!!**

मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए- नेपाल) द्वारा कार्यान्वयन भइरहेको विद्युत् प्रसारण आयोजनाको "विद्युत् प्रयोग अभिवृद्धिका लागि क्षमता विकास क्रियाकलाप" कार्यक्रम अन्तर्गत यस पालिकाका यस आयोजना बाट प्रभावित वडाहरू (११ १२ र १३) मा व्यवसाय व्यवस्थापनसम्बन्धी सहयोग प्राप्त गर्न इच्छुक तथा निम्नअनुसार योग्यता पुगेका विद्यमान उद्यमी वा व्यवसायीहरूबाट दरखास्त आह्वान गरिएको छ।

**आवेदन विवरणः**

- आवेदन आह्वान गरिएको मितिः २०८२ साल चैत २०८२।१२।२३
- आवेदन बुझाउने अन्तिम मितिः २०८२ साल चैत २०८२।१२।२९(कार्यालय समयभित्र)

**आवेदन फारम पाइने तथा बुझाउने स्थानः**

- वडा कार्यालयः (११ १२ र १३) पालिका कार्यालयः [सुनवल नगरपालिका]
- फारम संलग्न QR Code मार्फत पनि डाउनलोड गर्न सकिने छ

**न्यूनतम योग्यताः**

- पालिकाको प्रभावित वडाभित्र उद्यम व्यवसाय सञ्चालन गरिरहेको हुनुपर्ने।
- विद्युत् प्रयोगको माध्यमबाट व्यवसायको वृद्धि तथा विविधीकरण गर्ने उच्च सम्भावना भएका उद्यमहरू हुनुपर्ने।
- महिला, दलित तथा सिमान्तकृत समुदायका उद्यमीलाई विशेष प्राथमिकता दिइने।

फारम डाउनलोड गर्ने QR

**आवश्यक कागजातहरूः**

दरखास्तसँग निम्नलिखित कागजातहरू अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछः

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- व्यवसाय दर्ता प्रमाणपत्र वा सम्बन्धित कागजातको प्रतिलिपि
- व्यवसाय दर्ता नगरेको भए सम्बन्धित वडाबाट सिफारिस पत्र

**व्यवसाय व्यवस्थापन सहयोगसम्बन्धी जानकारीः**

- प्रत्येक प्रभावित वडाबाट बढीमा ८ जना विद्यमान उद्यमी वा व्यवसायी (फारम मुल्याङ्कनको आधारमा) चयन गरिनेछन्।
- सुरुमा चार दिने आवासिय तालिम सञ्चालन हुनेछ । यो तालिम व्यवसाय विकास, उद्यमशीलता, बजार पहुँच, नेतृत्व तथा वित्तीय व्यवस्थापनसम्बन्धी विषयमा केन्द्रित हुनेछ।
- तालिमपश्चात कम्तीमा एक वर्ष व्यवसाय सुदृढीकरण, वृद्धि तथा विविधीकरणका लागि सहयोग गरिनेछ।
- थप जानकारीको लागि निम्न व्यक्तिहरुलाई सम्पर्क गर्न सकिनेछ
    - रोजगार संयोजक सुनवल नगरपालिका कृष्ण ढकाल ९८६६६९६२५८
    - परियोजनाको उद्यम विकास सहजकर्ता फर्स टण्डन ९८५८४२३२६६
    - तालिम सेवा प्रदायक विष्णु ज्ञवाली ९८४१७६३५७०

बिमला अर्याल
नगर प्रमुख

Scanned with CamScanner